आज मिति २०७८।०२।१४ गते शूक्रबारका दिन यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा यस आ.व को तेर्हो कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ………………………………………………..................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ………………………………………………..................

३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ………………………………………………................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ………………………………………………..............

५. वडा अध्यक्ष : श्री मदन गौतम ………………………………………………………..........

६. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ……………………………………………….......

७. वडा अध्यक्ष : श्री कृष्ण वा यवा ………………………………………………….......

८. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ……………………………………………......

९. का पा सदस्य श्री कामुदा गुरुङ ……………………………………………..................

१०. का पा सदस्य श्री मेनुका देवी बजगाई ……………………………………..................

११. का पा सदस्य श्री माया कन्दङवा ………………………………………….................

१२. का पा सदस्य श्री विष्णुकला उभरकोटी ……………………………………..........

१३. का पा सदस्य श्री दुर्गामाया परियार ……………………………………………......

१४. का पा सदस्य श्री टिकाराम धमला ……………………………………………......

१५. सदस्य सचिव श्री बिक्रम लिम्बु ………………………………………………………..

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई..................................................

१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना.......................................

१९. स्वास्थ्य संयोजक श्री चन्द्र प्रसाद घिमिरे ................................................................

**<u>प्रस्तावहरु :-</u>**

**१. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

**२. शोक विदा दिने सम्बन्धमा ।**

**३. कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा ।**

**<u>निर्णय नं. - १</u>**

यस हिलिहाङ गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष तथा कार्यपालिका सदस्य श्री सिरी प्रसाद शिगुज्यूको कोरोना सङ्क्रमणका कारण मिति २०७८ जेठ १३ गते विहान ८:३० बजे अल्पायूमै असामयिक निधन भएकाले वहाँको मृतात्माको चिरशान्तिको लागि एक मिनेट मौन धारण तथा वहाँको तस्विरमा माल्यार्पण गरी वहाँको निधन प्रति निम्नानुसार शोक प्रस्ताव पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**शोक प्रस्ताव**

**<u>''स्थानिय तहको ऐतिहासिक तथा पहिलो निर्वाचनमा हिलिहाङ गाउँपालिकाको वडा नं. ४ को वडाध्यक्षमा निर्वाचित वडाध्यक्ष तथा यस गाउँ कार्यपालिकाको सदस्य, राजनीतिक व्यक्तित्व तथा समाजसेवी श्री सिरी प्रसाद शिगुको मिति २०७८ जेठ १३ गते विहान ८:३० बजे भएको असामयिक निधनले सम्पूर्ण गाउँपालिका परिवार अत्यन्तै मर्माहत र स्तव्ध भएका छौं । यस दु:खद घडीमा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार, आफन्तजन, ईष्टमित्र, शूभेच्छुकहरुमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि हामी प्रार्थना गर्दछौं''</u>**

- समस्त हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय परिवार

**<u>निर्णय नं. - २</u>**

यस हिलिहाङ गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष, कार्यपालिका सदस्य, राजनीतिक व्यक्तित्व, समाजसेवी तथा लोकप्रिय व्यक्तित्व श्री सिरी प्रसाद शिगुज्यूको कोरोना संङ्क्रमण भई अल्पायूमै असामयिक निधन भएकाले वहाँको मृत आत्माको चिरशान्तिको कामना सहित वहाँको अपूरणीय क्षतिको यस दुखद समयमा वहाँले पुर्याउनु भएको योगदानलाई स्मरण गर्दै यो शोकको घडीमा यस गाउँ कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरुबाट प्रवाह गरिने सबै खालका सेवाहरु (आकष्मिक सेवा बाहेक) मिति २०७८ साल जेठ १६ गते आईतवार १ दिनका लागि पूर्ण रुपमा बन्द राख्ने तथा गाउँ कार्यपालिकाको कार्यालय परिसरमा राखिएको राष्ट्रिय झण्डालाई आधा झुकाई राख्ने समेत निर्णय सर्वसम्मत ढङगले पारित गरियो । साथै गाउँ कार्यपालिकाको कार्यलय र सबै वडा

कार्यालयहरुमा मिति २०७८ जेठ १४ गतेदेखि मिति २०७८ जेठ २४ गतेसम्म वहाँको तस्विर सहितको शोक पूस्तिका राख्ने समेत निर्णय गरियो।

**निर्णय नं. -३**

हिलिहाङ गाउँपालिका ४ नं. वडाका निर्वाचित वडा अध्यक्ष श्री सिरि प्रसाद शिगु को कोरोना संङ्क्रमणका कारण मिति २०७८ जेठ १३ गते असामयिक निधन भएकोले उक्त वडाका कामकारवाहीहरुलाई निरन्तरता प्रदान गर्न तथा कार्यवाहक वडा अध्यक्ष भई कार्यसम्पादन गर्न/गराउन स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११६ बमोजिम सम्बन्धित वडा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छनौट गरेको आधारमा वडा सदस्य श्री मेनुकादेवी बजगाई तथा कार्यपालिका सदस्यज्यूलाई अव उप्रान्त कार्यवाहक वडा अध्यक्षको रुपमा भूमिका तथा जिम्मेवारी समेत प्रदान गर्ने निर्णय गरियो।

**धन्यवाद !!!**